# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्वोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०२

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

धुर्कोट गाउँपालिकाको कार्यालयमा तपसिल बमोजिमको पदमा सेवा करारमा कर्मचारी लिनु पर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०४/०८२/८३ | पशु विकास अधिकृत | सातौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.एजी उत्तिर्ण वा वि.टेक. (डेरी टेक्नोलोजि) वा बी.भी.एस्सी. एण्ड ए.एच वा. बी.भी.एस्सी./ डि.भि.एम. वा बि.टेक.एड (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ। |
| २. | ०५/०८२/८३ | प्रा.स (कृषि) | पाचौं | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह ( आई.एस.सी. एग्री.) वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ । |
| ३. | ०६/०८२/८३ | सव.ईन्जिनियर | पाचौं | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ । |
| ४. | ०७/०८२/८३ | अ.स.ईन्जिनियर | चौथो | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तिर्ण गरि सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा TSLC वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ । |

**१. न्यूनतम योग्यता र अनुभव :**

- दरखास्त दिने अन्तिम मिति सम्म विज्ञापन नं. ०५/०८२/८३, ०६/०८२/८२,०७/०८२/८३ का लागि १८ वर्ष पुरा भई पुरुषको हकमा ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको र विज्ञापन नं. ०४/०८२/८३ का लागि २१ बर्ष पुरा भई पुरुषको हकमा ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
- नेपाली नागरिक हुनुपर्ने ।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**२. छनौट किसिम :** लिखित र अन्तवार्ता ।

**३. आवेदन दस्तुर :** विज्ञापन नं. ०४/८२/८३ का लागि रु.१,०००।– (एक हजार मात्र), विज्ञापन नं. ०५/०८२/८३ र ०६/०८२/८३ का लागि रु. ७००।–( सात सय मात्र) र विज्ञापन नं. ०७/०८२/८३ का लागि रु. ५००।– (पाँच सय मात्र)

**४. आवेदन बुझाउने स्थान :** धुर्कोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बर्वोट, गुल्मी ।

**५. आवेदन दिनुपर्ने अन्तिम मिति :** २०८२/०५/१६ गते सम्म । सो दिन विदा परेमा सो पछी कार्यालय खुलेको पहिलो दिन ।

**६. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, निवेदन

**७. सेवा सुविधा:** करार सम्झौता बमोजिम ।

**८. विस्तृत जानकारीको लागि सम्पर्क नं.** ९८६७९२३८२०, ९८५७०६७९१७

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

e-mail : info@dhurkotmun.gov.np, dhurkotmun@gmail.com
website : www.dhurkotmun.gov.np